श्री

उच्च अदालत, पाटन

संयुक्त इजलास

**इजलास नं. २**

माननीय न्यायाधीश श्री शेखरचन्द्र अर्याल

माननीय न्यायाधीश श्री दिपेन्द्र बहादुर बम

**फैसला**

मुद्दा नं. ०७६-CS-२०९२

**मुद्दाः- विद्युतिय कारोबार ऐन अन्तर्गतको कसूर।**

निर्णय नं. २९९

भगवती कुमारी मैनाली उप्रेतीको जाहेरीले नेपाल सरकार ---------------------१ **पुनरावेदक**
**वादी**

**विरुद्ध**

काठमाडौं जिल्ला, साविक साङला-४ हाल परिवर्तित तारकेश्वर नगरपालिका वडा नं.१ चुनी घर भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.४ महाराजगंज बस्ने टेकनाथ तिमिल्सिनाको छोरा रामकृष्ण तिमिल्सिना -----------१ **प्रत्यर्थी** **प्रतिवादी**

| | | |
|---|---|---|
| सुरु फैसला गर्ने अदालत | :- | श्री काठमाडौं जिल्ला अदालत |
| सुरु फैसला गर्ने न्यायाधीश | :- | मा.न्या. श्री पुणेश्वरप्रसाद उपाध्याय |
| सुरु फैसला मिति | :- | २०७६/६/३० |
| सुरु मुद्दा नं. | :- | ०७५-C1-२२८२ |
| पुनरावेदन दर्ता मिति | :- | २०७७/१/१६ |

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भइ दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

१) म जाहेरवालीले रामकृष्ण तिमिल्सिना संचालक रहेको रिफ्लेक्सन क्लारियन मिडिया अन्तर्गत अनुबन्धित भै २०७४ भाद्र महिनाबाट टि.भि. टुडे टेलिभिजनका लागि

प्रस्तोता भई कार्यक्रम संचालन गर्न सम्झौता गरी सम्झौता अनुसारको सर्त र अधिनमा रही म जाहेरवालीले प्रत्यक्ष प्रसारण कार्यक्रम संचालन गर्दै आईरहेकोमा उक्त मिडियाका संचालक रामकृष्ण तिमिल्सिनाले उक्त टेलिभिजन कार्यक्रमका अंशलाई मेरो सहमती र अनुमती विना युट्युवमा विभिन्न अश्लिल अपाच्यशब्दहरु सहितको शीर्षक बनाई दुरुपयोग गर्दै आएको, आबद्धता पत्र बमोजिम नगरी निजले आफ्नो मनोमानी ढंगले स्वरुप परिवर्तन गरी मेरो चरित्र हत्या हुने कार्य गरेकोले मैले सो कार्य नगर्न अनुरोध गर्दा पनि निजले अटेर गरी बारम्बार सो कार्य दोहोऱ्याउँदै आएको र हाल आएर निजले सामाजिक संजाल युट्युवमा राखेको सो भिडियोहरु हटाउदिन भनी धम्की दिदै आएकोले निजले गरेको सो कार्यबाट म तथा मेरो बालबच्चा परिवार समेतको चरित्र हत्या भएकोले निजलाई विद्युतीय कारोवार ऐन, २०६३ बमोजिम कारवाही र सजाय गरी उचित क्षतिपुर्तीसमेत दिलाई भराई पाउँ भन्ने व्यहोराको भगवती कुमारी मैनाली उप्रेतीको मिति २०७६।०२।२० को जाहेरी दरखास्त।

२) मैले का.जि., का.म.न.पा. २ लाजिम्पाट स्थित रिफ्लेक्सन क्लारियन मिडिया नामको भिडियो निर्माण गर्ने अफिससंचालन गरी आएकोमा मिति २०७४ भाद्र महिनाबाट टि.भि. टुडे टेलिभिजन मार्फत रात्रिकालीन लाईभ प्रसारण गर्ने गरी यौनका कुरा नामको कार्यक्रम संचालन गर्ने भनी विभिन्न यौन तथा प्रजनन स्वास्थ्यका विषेशज्ञहरुलाई आमन्त्रित गरी उक्त कार्यक्रमको प्रस्तोताको रुपमा जाहेरवाली भिमा भन्ने भगवतीकुमारी मैनाली उप्रेतीसँग सम्झौता गरी उक्त कार्यक्रम संचालन गर्दै आईरहेको थिएँ। निजसँग गरेको सम्झौता पत्रको छायाकपी मिसिल संलग्न छ। मैले सोहि मिति देखी नै उक्त कार्यक्रममा रहेका केही समस्यागत भागहरु काँटछाँट गरी समस्या पठाउने र देश विदेशमा रहेका मानिसहरुले समेत सजिलै हेर्न सकुन् भन्ने उदेश्यले समस्यामा परेका र जिज्ञासा राख्ने मानिसहरुको सहजताका लागि मैले युट्युवमा अपलोड गर्दै आएको थिएँ। उक्त भिडियोको भित्र जे कुराको विषयमा कुरा गरिएको छ सोही विषयको आधारमा शीर्षक राखेको हुँ। त्यस कारणबाट जाहेरवाली लगायत निजको परिवार समेतको चरित्र हत्या भएको भनी मेरो विरुद्धमा जाहेरी दिएकोले मलाई प्रहरीले पक्राउ गरेको हो। जाहेरवालीलाई मैले तलब दिएर कर्मचारीको रुपमा नियुक्ती गरेको हुँ र कार्यक्रमको सम्पूर्ण हकअधिकार कार्यक्रमको निर्माता निर्देशकसँग हुने भएकोले मैले उक्त कार्यक्रम युट्युवमा राख्नको लागि जाहेरवालीसँग सम्झौता गर्नु पर्ने आवश्यक नरहेकोले निजसँग सम्झौता नगरेको हुँ। जाहेरी दरखास्त साथ पेश भएको प्रिन्ट पानाहरुमा यौनका कुरा नामक युट्युव च्यानलबाट देखिएका प्रिन्ट पानाहरु मैले निर्माण गरी अपलोड गरेको भिडियोको

प्रिन्टपानाहरु हो हेरी चिन्ही सनाखत गरिदिएँ भन्ने व्यहोराको प्रतिवादी रामकृष्ण तिमिल्सिनाले मिति २०७६।०२।२९ गते अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

३) घटना विवरण कागजः-

म पेशाले कलाकार भएकाले जाहेरवाली र प्रतिवादीसँग मेरो चिनजान छ। जाहेरवालीले प्रतिवादी रामकृष्ण तिमल्सिना सञ्चालक रहेको रिफ्लेक्सन क्लारियन मिडिया अन्तर्गत अनुबन्धित भै टि.भि. टुडे टेलिभिजनका लागि प्रस्तोता भई यौनका कुरा नामक कार्यक्रम प्रत्यक्ष प्रसारण गरी सञ्चालन गर्ने गरेकी थिईन्। पछि सोही कार्यक्रमको केही अंश प्रतिवादी रामकृष्ण तिमल्सिनाले जाहेरवालीको अनुमति र सहमति बिना विभिन्न अश्लिल शब्दहरु लेखी युट्युबमा राखी पोष्ट गरेको कुरा युट्युबमा हेरेर थाहा भएको हो। मैले उक्त भिडियोहरु हेरिसके पछि भिडियो भित्रको कुराकानी अर्कै भएको र त्यसको शीर्षक अश्लिल भएकाले निज प्रतिवादीलाई मैले समेत सम्पर्क गरी उक्त भिडियोहरु तुरुन्त हटाईदिनु, उक्त भिडियोले गर्दा जाहेरवालीको परिवारलाई विभिन्न मानसीक यातना समेत भएको छ भनी भन्दा समेत निजले नमानी त्यस पछि पनि पटक-पटक शीर्षकमा विभिन्न अश्लिल शव्दहरु लेखी जाहेरवालीले संचालन गरेको कार्यक्रमको भिडियो अपलोड गर्ने गरेको थिए। यसरी जाहेरवालीले सञ्चालन गरेको कार्यक्रमको केही अंश निकाली जाहेरवालीको सहमति र अनुमति विना विभिन्न अश्लिल शव्दहरु लेखी सामाजिक संजाल युट्युब मार्फत अपलोड गरी जाहेरवाली र निजको परिवार समेतलाई बदनाम गर्ने, समाजमा घृणा र द्वेष फैलाउने, बदनाम, वेईज्जत, चरित्रहत्या गरी, समाजबाट विचलित हुनेसम्मको बातावरणको सिर्जना गरी, समाजले प्रदान गरेको आत्म सम्मानमा आँच पुऱ्याई समाजमा महिला जातिले स्वतन्त्रतापूर्वक बाँच्न पाउने, जीवनयापन गर्न पाउने प्रदत्त मौलिक अधिकार समेतमा कुण्ठीत पार्ने कार्य गरी आफुले लाभ लिएको हुँदा निज प्रतिवादी रामकृष्ण तिमिल्सिनालाई प्रचलित कानूनबमोजिम हदै सम्मको सजाय गरी निज प्रतिवादीले गरेको उक्त कसूरको कारण जाहेरवाली समेतलाई पर्न गएको शारीरिक, मानसिक, सामाजिक एवं ब्यवसायीक क्षतिको मुल्याङ्कन गरी उचित क्षतिपूर्ती समेत दिलाई भराई दिने व्यवस्था हुनुपर्दछ भन्ने व्यहोराको कमल बोहराले मिति २०७६।०२।२९ गते मौकामा गरिदिएको कागज।

४) प्रतिवादी रामकृष्ण तिमिल्सिनासँग मेरो चिनजान छैन। जाहेरवाली भगवती कुमारी मैनाली उप्रेतीलाई चिन्दछु। प्रतिवादी रामकृष्ण तिमल्सिना सञ्चालक रहेको रिफ्लेक्सन क्लारियन मिडिया अन्तर्गत अनुबन्धित भै टि.भि.टुडे टेलिभिजनका लागि प्रस्तोता भई यौनका कुरा नामक कार्यक्रम प्रत्यक्ष प्रसारण गरी सञ्चालन गर्ने गरेकी थिईन। पछि सोही कार्यक्रमको केही अंश प्रतिवादी रामकृष्ण तिमल्सिनाले जाहेरवालीको अनुमति र

सहमति बिना विभिन्न अश्लिल शब्दहरु लेखी युट्युबमा राखी पोष्ट गरेको कुरा युट्युबमा हेरेर थाहा भएको हो। उक्त भिडियोले गर्दा जाहेरवालीको परिवारलाई विभिन्न मानसिक यातना समेत भएको छ भनी भन्दा समेत निजले नमानी त्यस पछि पनि पटक-पटक शीर्षकमा विभिन्न अश्लिल शव्दहरु लेखी जाहेरवालीले संचालन गरेको कार्यक्रमको भिडियो अपलोड गर्ने गरेको थिए। यसरी जाहेरवालीले सञ्चालन गरेको कार्यक्रमको केही अंश निकाली जाहेरवालीको सहमति र अनुमति विना विभिन्न अश्लिल शव्दहरु लेखी सामाजिक संजाल युट्युब मार्फत अपलोड गरी जाहेरवाली र निजको परिवार समेतलाई बदनाम गर्ने, समाजमा घृणा र द्वेष फैलाउने, बदनाम, वेईज्जत, चरित्रहत्या गरीसमाजबाट विचलित हुने सम्मको बातावरणको सिर्जना गरीसमाजले प्रदान गरेको आत्मसम्मानमा आँच पुऱ्याई समाजमा महिला जातिले स्वतन्त्रता पुर्वक बाँच्न पाउने, जीवनयापन गर्न पाउने, प्रदत्त मौलिक अधिकार समेतमा कुण्ठीत पार्ने कार्य गरी आफुले लाभ लिएको हुँदा निज प्रतिवादी रामकृष्ण तिमिल्सिनालाई प्रचलित कानूनबमोजिम हदै सम्मको सजाय गरी निज प्रतिवादीले गरेको उक्त कसूरको कारण जाहेरवाली समेतलाई पर्न गएको शारीरिक, मानसिक, सामाजिक एवं ब्यावसायीक क्षतिको मूल्याङकन गरी उचित क्षतिपूर्ती समेत दिलाई भराई दिने व्यवस्था हुनपर्दछ भन्ने व्यहोराको सरिता राजोपाध्यायले मिति २०७६।०२।२९ गते गरिदिएको कागज।

५) प्रतिवादी रामकृष्ण तिमिल्सिनासँग मेरो चिनजान छैन। जाहेरवाली भगवतीकुमारी मैनाली उप्रेतीलाई चिन्दछु। प्रतिवादी रामकृष्ण तिमल्सिना सञ्चालक रहेको रिफ्लेक्सन क्लारियन मिडिया अन्तर्गत अनुबन्धित भै टि.भि.टुडे टेलिभिजनका लागि प्रस्तोता भई यौनका कुरा नामक कार्यक्रम प्रत्यक्ष प्रसारण गरी सञ्चालन गर्ने गरेकी थिईन। पछि सोही कार्यक्रमको केही अंश प्रतिवादी रामकृष्ण तिमल्सिनाले जाहेरवालीको अनुमति र सहमति बिना विभिन्न अश्लिल शब्दहरु लेखी युट्युबमा राखी पोष्ट गरेको कुरा युट्युबमा हेरेर थाहा भएको हो। उक्त भिडियोले गर्दा जाहेरवालीको परिवारलाई विभिन्न मानसीक यातना समेत भएको छ भनी भन्दा समेत निजले नमानी त्यस पछि पनि पटक-पटक शीर्षकमा विभिन्न अश्लिल शव्दहरु लेखी जाहेरवालीले संचालन गरेको कार्यक्रमको भिडियो अपलोड गर्ने गरेको थिए। यसरी जाहेरवालीले सञ्चालन गरेको कार्यक्रमको केही अंश निकाली जाहेरवालीको सहमति र अनुमति विना विभिन्न अश्लिल शव्दहरु लेखी सामाजिक संजाल युट्युब मार्फत अपलोड गरी जाहेरवाली र निजको परिवार समेतलाई बदनाम गर्ने, समाजमा घृणा र द्वेष फैलाउने, बदनाम, वेईज्जत, चरित्रहत्या गरीसमाजबाट विचलित हुने सम्मको बातावरणको सिर्जना गरीसमाजले प्रदान गरेको आत्मसम्मानमा आँच पुऱ्याई समाजमा महिला जातिले स्वतन्त्रता पुर्वक

बाँच्न पाउने, जीवनयापन गर्न पाउने, प्रदत्त मौलिक अधिकार समेतमा कुण्ठीत पार्ने कार्य गरी आफुले लाभ लिएको हुँदा निज प्रतिवादी रामकृष्ण तिमिल्सिनालाई प्रचलित कानूनबमोजिम हदै सम्मको सजाय गरी निज प्रतिवादीले गरेको उक्त कसूरको कारण जाहेरवाली समेतलाई पर्न गएको शारीरिक, मानसिक, सामाजिक एवं ब्यावसायीक क्षतिको मूल्याङकन गरी उचित क्षतिपूर्ती समेत दिलाई भराई दिने व्यवस्था हुनपर्दछ भन्ने व्यहोराको सविना थापाले मिति २०७६।०२।२९ गते गरिदिएको कागज।

६) का.जि., का.म.न.पा. वडा नं. ३ महाराजगंज चक्रपथ स्थित रामकृष्ण तिमिल्सिनाले संचालन गरेको रिफ्लेक्सन क्लारियन मिडिया प्रा.लि.को कार्यालयबाट Dell लेखिएको कालो रंगको ल्यापटप थान १, Transcend लेखिएको गाढा खैरो रंगको हार्डडिक्स थान २, Transcend लेखिएको निलो खैरो रंगको हार्डडिक्स थान १, Toshiba लेखिएको कालो रंगको हार्डडिक्स थान १, Toshiba लेखिएको कम्प्युटरको हर्डडिक्स थान ३, Samsung लेखिएको सिल्भर रंगको पेन ड्राईभ थान १ बरामद भएको हो भन्ने व्यहोराको मिति २०७६।०२।३० गतेको खानतलासी/बरामदी मुचुल्का।

७) प्रतिवादी रामकृष्ण तिमिल्सिना संचालक रहेको टि.भि. टुडे टेलिभिजन मार्फत रात्रिकालीन लाईभ प्रसारण हुने जाहेरवाली भिमा भन्ने भगवतीकुमारी मैनाली उप्रेतीले सञ्चालन गर्ने यौनका कुरा नामको कार्यक्रमको भिडियोलाई प्रतिवादी रामकृष्ण तिमिल्सिनाले छाँटकाँट गरी अश्लिल शीर्षक राखी उक्त भिडियोहरु जाहेरवालीको सहमति र अनुमति बिना युट्युबमा अपलोड गरी जाहेरवालीलाई सामाजिक संजाल मार्फत अमर्यादित कार्य गरी चरित्रहत्या गरेकोले निज प्रतिवादीलाई विद्युतीय कारोवार अपराध ऐन, २०६३ कोदफा ४७(१)को कसूरमा सोही दफा ४७(१) बमोजिम सजाय गरी निजबाट बरामद भएको सामानहरु ऐ.को दफा ५६ बमोजिम जफत गरी पाऊँ र दफा ५८क तथा दफा ७६ अनुसारनिज प्रतिवादीबाट जाहेरवालीलाई उचित क्षतिपूर्ति दिलाइपाऊँ भन्ने बेहोराको मिति २०७६।०३।०१ को अभियोग पत्र।

८) प्रतिवादीले अदालतसमक्ष गरेको बयानः

मैले संचालन गरेको रिफ्लेक्सन क्लारियन मिडिया र टि.भि. टुडे बीच यौनका कुरा नामक कार्यक्रम रात्रीकालिन प्रसारण गर्न मिति २०७४ भाद्र महिना देखी सम्झौता भएको थियो। उक्त कार्यक्रम यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम हो। उक्त कार्यक्रम संचालन गर्नका लागि मैले जाहेरवालीसँग सम्झौता गरी निजलाई नियुक्त गरेको हुँ। उक्त कार्यक्रमको सर्वाधिकार निर्मातासँग रहने हुँदा मैले उक्त भिडियोहरु यु ट्युवमा अपलोड गरेको हुँ। उक्त कार्यक्रममा देशका वरिष्ठ चिकित्सकबाट यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी समस्या र जिज्ञासामा परामर्श दिइने गरिन्छ। उक्त १ घन्टाको कार्यक्रमलाई देश विदेशमा रहेका दर्शकहरुले

सहज हेर्न सकुन र उनीहरुको समस्या समाधान होस भनी विषयगत समस्याहरुलाई काँटछाँट गरी यू ट्युवमा अपलोड गर्ने गरिन्छ। ताकि उनीहरुले आफ्नो कुनै पनि समस्या र जिज्ञासाहरु तत्काल प्राप्त गर्न सकुन। यसका साथै यू ट्युवमा अपलोड गर्दा सम्बन्धित समस्या र जिज्ञासाहरुबाटै शीर्षकहरु चयन गर्ने गरिन्छ। हरेक शीर्षकहरु उक्त भिडियोको अन्तर बस्तुसँग सम्बन्धित रहेको हुन्छ। यो एक यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम भएकोले जाहेरवालीले भने अनुसार शीर्षकहरु अश्लिल नभै उक्त भिडियो मै आधारित भएको हुनाले यसलाई अश्लिल भन्न मिल्दैन। मैले कहि कतै पनि शीर्षकहरु राख्दा जाहेरवालीको नाम जोडेको छैन। त्यसैले निजको चरित्र हत्या भयो भन्न मिल्दैन। किनकी उक्त समस्या र जिज्ञासाहरु दर्शकहरुको हो। निजले कार्यक्रम संचालनमा नियमित रुपमा सहभागी नभएको र अर्को संचालक नियुक्ती गरेकोले म माथि प्रस्तुत आरोप लगाएको हो। निजले प्रस्तुत आरोपहरु कार्यक्रम संचालन भएको १/२ महिनामा नै लगाउन सक्थिन। यो कार्यक्रम संचालन भए देखि नै भिडियोहरु यू ट्युवमा अपलोड गर्रिदै आएको हो सो कुरा निजलाई जानकारी नै थियो भन्ने व्यहोराको प्रतिवादी रामकृष्ण तिमल्सिनाले मिति २०७६।०२।०२ गते सुरु अदालतसमक्ष गरेको बयान।

९) पुर्पक्षसम्बन्धी आदेशः-
तत्काल प्राप्त प्रमाणबाट यीप्रतिवादी आरोपित कसूरका कसूरदार होइनन् भन्न सकिने अवस्था नहुँदा पछि बुझ्दैजाँदा ठहरेबमोजिम हुने गरी हाल निजलाईमुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम रू.२५,०००।- नगद धरौट वा जमानत वा बैंक जमानत लिई पुर्पक्षका लागि तारिखमा राख्नु। सो धरौट वा जमानत नदिए निजलाई थुनामा राख्नू भन्ने सुरु अदालतको मिति २०७६।०३।०२ को आदेश।

१०) मलाई थाहा भए अनुसार भगवती मैनालीले प्रतिवादीको मिडियामायौनका कुरा नामक कार्यक्रमसंचालन गर्नुहुन्थ्यो। सो कार्यक्रम प्रसारण भई च्यानल मार्फत संचालन भएकोले त्यस्तो साईबर क्राईम भए जस्तो लाग्दैन भन्ने व्यहोराको प्रतिवादीको साक्षी धनपाल सिंह बोहराले मिति २०७६।०३।२६ गते सुरु अदालतसमक्ष गरेको बकपत्र।

११) जाहेरवाली भगवतीकुमारी मैनालीको यु ट्युवमा अश्लिल भिडियोहरुमा शब्द परिवर्तन गरी राखेको देखी सोबारे निज साथीलाई भन्दा त्यस्तो कार्यक्रम मैले चलाएको होइन। प्रत्यक्ष प्रसारण मात्र चलाएको हो।मैले त्यस्तो कार्यक्रम चलाएको छैन। चेतनामुलक कार्यक्रम चलाएकी हुँ। तर निर्माताले उक्त प्रत्यक्ष प्रसारणलाई मेरो जानकारी विना नै समाजले पचाउन नसक्ने शब्दहरु र महिलाको अस्मितामा नै आँच

आउने शब्दहरुको शीर्षक बनाई मैले चलाएका प्रत्यक्ष प्रसारणका अंशहरु र भागहरु राखी मेरो चरित्र हत्या गरेको र उक्त कार्यक्रमलाई निला फिल्महरुसँग राखी त्यस्तै अश्लिल शब्दहरु राखी मेरो परिवारको मानसिक, सामाजिक अवस्थामा समेत खलल पुऱ्याएको रहेछ भनेर भन्नु भयो। उहाँले बारम्बर निर्मातासँग यु-ट्युवबाट उक्त कार्यक्रम हटाउनु भनेर अनुरोध गर्दा पनि हटाएन भन्नुभयो भन्ने व्यहोराको बुझिएको मानिस सविना थापाले मिति २०७६।०३।२६ गते सुरु अदालतसमक्ष गरेको बकपत्र।

१२) म र जाहेरवाली भगवती मैनालीले संगै सचेतनामुलक कार्यक्रम संचालन गर्दै आएका थियौं। जाहेरवाली भगवतीकुमारी मैनाली उप्रेतीले टि भी टुडेको लागि प्रत्यक्ष प्रसारण मार्फत मनका कुरा नामक कार्यक्रम सञ्चालन गर्दै आएकोमा जबरजस्ती शीर्षक परिवर्तन गर्न लगाई उनको जानकारी र सहमति विना नै यु ट्युवमा उक्त कार्यक्रमका अंशलाई विभिन्न नाङ्गा फोटोहरु र अश्लिल शीर्षक समेत बनाई अपलोड गर्दै आएको हो।जसले गर्दा उसको परिवारमा र समाजमा घृणा र द्वेष फैलाउने बदनाम, बेइज्जत र चरित्र हत्या गरी समाजबाट विचलित हुने सम्मको वातावरण सिर्जना गरी समाजले प्रदान गरेको आत्मा सम्मानमा आँच पुऱ्याई महिलाको स्वतन्त्रपूर्वक बाँच्न पाउने जीवन यापन गर्न पाउने मौलिक अधिकारमा समेत कुण्ठित पार्ने गरी वदनियत पूर्वक यू ट्युवमा अपलोड गर्ने प्रतिवादी रिफ्लेक्सन क्लारियन मिडियाका संचालक तथा उक्त कार्यक्रमका निर्माताले सामाजिक मानसिक अवस्थामा अपूरणीय क्षती पुऱ्याएको हो भन्ने व्यहोराको वादी नेपाल सरकारको साक्षी सरिता राजोपाध्यायले मिति २०७६।०३।२७ गते सुरु अदालतसमक्ष गरेको बकपत्र।

१३) प्रतिवादीले जाहेरवालीसँग मनको कुरा भन्ने शीर्षकमा प्रत्यक्ष प्रसारण गर्ने भनी सम्झौता गरेर यौनका कुरा शीर्षक राखेर प्रत्यक्ष प्रसारण भएको दृश्यहरुलाई यु ट्युवमा अश्लिल शब्द र फोटो राखी प्रसारण गरेको हो। यो कुराले जाहेरवालीले सामाजिक तथा मानसिक रुपमा पीडा भोग्नु परेको छ। निजलाई समाजले नराम्रो दृष्टिले हेरेको छ। जाहेरवालीको बच्चाहरुमा पनि मानसिक असर परी निजको छोरीले आत्मा हत्या गर्छु समेत भनेको हो। यो विषयमा निज प्रतिवादीसँग छलफल गर्दा उक्त भिडियोहरु हटाउँछु भनी आश्वासन दिने तर नहटाउने गरेको हो भन्ने व्यहोराको वादी नेपाल सरकारको साक्षी कमल बोहराले मिति २०७६।०३।२७ गते सुरु अदालतसमक्ष गरेको बकपत्र।

१४) म निज प्रतिवादीले सञ्चालन गरेको रिफ्लेक्सन क्लारियन मिडिया अन्तर्गत अनुबन्धित भई २०७४ भाद्र महिनाबाट टि.भि. टुडेका लागि यौन तथा प्रजनन स्वास्थ्यका विषयमा मनका कुरा नाम शीर्षकको कार्यक्रम र प्रस्तोताको रुपमा अनुबन्धित भई

कार्य गर्दै आएको थिएँ। उक्त प्रत्यक्ष प्रसारण कार्यक्रमका अंशलाई प्रतिवादी रामकृष्णले मेरो अनुमती नलिई विभिन्न अश्लिल र अपाच्य शब्दहरु सहितको शीर्षकहरु बनाई त्यस्तै फोटोहरु पनि राखी झण्डै प्रोनोग्राफी जस्तो बनाई यु ट्युवमा अपलोड गर्दै आएको थियो। निजले समाजमा महिलाको अस्मितालाई समेत आँच आउने खालको शब्दहरुको चयन गरी वदनियत पूर्वक चरित्र हत्या गर्ने कार्य गरेको हो। मैले बारम्बार सुचना गर्दा पनि यु ट्युवबाट त्यस्ता अश्लिल शीर्षकहरु र फोटोहरु हटाउन नमानेको हो। यसले गर्दा मेरो पारिवारिक अवस्थामा विखण्डन ल्याएको तथा हाल पारिवारिक मानसिक र सामाजिक मर्यादामा खलल पुऱ्याएको, मेरो छोराछोरीलाई समेत उनीहरुका साथीभाई र समाजले समेत जिस्काउने, विल्ला गर्ने गरेको हुँदा मेरो किशोर अवस्थाकी छोरीको समेत मानसिक अवस्थामा समेत असन्तुलन आएको छ। यस्तो अवस्थाले गर्दा म आत्मा हत्या गर्न बाध्य भएकी छु भनी छोरीले भन्ने गरेकी छिन्। मैले जाहेरी दिँदा पनि निज प्रतिवादीले मैले चलाएका कार्यक्रमहरु अझै थप अपलोड गरेको छ भन्ने व्यहोराको जाहेरवाली भगवतीकुमारी मैनाली उप्रेतीले मिति २०७६।०३।२७ गते सुरु अदादतसमक्ष गरेको बकपत्र।

१५) प्रतिवादी रामकृष्ण तिमिल्सिनाले TV Today मा पूर्व प्रशारित कार्यक्रमलाई नै कार्यक्रम भित्रकै शब्दहरु चयन गरी विभिन्न शीर्षक दिई पहिलेदेखि नै अपलोड गरेको देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादी रामकृष्ण तिमिल्सिनाले वादी नेपाल सरकारको अभियोग दावी विद्युतीय (ईलेक्ट्रोनिक्स) कारोबार ऐन, २०६३ को दफा ४७(क) बमोजिमको कसूर गरेको कुरा शंकारहित एवं वस्तुनिष्ट तबरले पुष्टी हुन सकेको अवस्था नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी रामकृष्ण तिमिल्सिनाले सफाई पाउने ठहर्छ। प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन भन्ने सुरु काठमाडौं जिल्ला अदालतबाट मिति २०७६/६/३० मा भएको फैसला।

१६) रामकृष्ण तिमिल्सिना संचालक रहेको रिफ्लेक्सन क्लारियन मिडिया अन्तर्गत अनुबन्धित भै २०७४ भाद्र महिनाबाट टि.भि. टुडे टेलिभिजनका लागि प्रस्तोता भई कार्यक्रम संचालन गर्न सम्झौता गरी सम्झौता अनुसारको शर्त र अधिनमा रही जाहेरवालीले प्रत्येक्ष प्रसारण कार्यक्रम गर्दै आईरहेकोमा उक्त मिडियाका संचालक रामकृष्ण तिमिल्सिनाले उक्त टेलिभिजन कार्यक्रमका अंशलाई जाहेरवालीको सहमती र अनुमती विना यु-ट्युवमा विभिन्न अश्लिल अपाच्य शब्दहरु सहितको शिर्षक बनाई दुरुपयोग गर्दै आएको, आबद्धता पत्र बमोजिम नगरी प्रतिवादीले आफ्नो मनोमानि ढंगले स्वरुप परिवर्तन गरी जाहेरवालिको चरित्र हत्या हुने कार्य गरेकोमा सो कार्य नगर्न अनुरोध गर्दा पनि निजले अटेर गरी बारम्बार सो कार्य दोहोऱ्याउदै आएको, धम्की दिदै आएको अबस्थालाई हेर्दा जाहेरवालीले संचालन गरेको कार्यक्रमको केही

अंश निकाली जाहेरवालीको सहमति र अनुमति विना विभिन्न अश्लिल शव्दहरु लेखी सामाजिक सजाल युट्युब मार्फत अपलोड गरी जाहेरवाली र निजको परिवार समेतलाई बदनाम गर्ने, समाजमा घृणा र द्वेष फैलाउने, बदनाम, वेईज्जत, चरित्रहत्या गरी, समाजबाट विचलित हुने सम्मको बातावरणको सिर्जना गरी, समाजले प्रदान गरेको आत्म सम्मानमा आँच पुऱ्याई समाजमा महिला जातीले स्वतन्त्रता पूर्वक बाँच्न पाउने, जीवन यापन गर्न पाउने प्रदत्त मौलिक अधिकार समेतमा कुण्ठीत पार्ने कार्य गरी प्रतिबादले आफुले लाभ लिएको जाहेरी रहेकोमा रहेकोमा सोही व्यहोरा समर्थित गरी वादीका साक्षी जाहेरवालाले वकपत्र गर्नुका साथै मिसिल संलग्न कागजात समेतबाट जाहेरवालिले बोलेका कुरालाई नकरात्मक अर्थ लाग्ने शब्द राखि सामाजिक संजाल यु-ट्युब मार्फत अपलोड गरेको अबस्थाबाट जाहेरवालिको चरित्रमा नकरात्मक आक्षेप लागेको बिद्यमानता छ। यसरी प्रतिवादीले सामाजिक संजालबाट जाहेरवाली महिलालाई हैरानी पारी जाहेरवालीको बारेमा अश्लिल सन्देश जाने कार्य गरेको जाहेरी दरखास्त घटना बिबरण र बकपत्र समेतबाट देख्न सकिदा सकिदै पनि उक्त कुरालाई नजरअन्दाज गरी मिसिल संलग्न कागजातहरुलाई प्रमाण ऐन, २०३१ बमोजिमको प्रमाण मूल्यांकन नभई प्रतिवादीलाई अभियोग दाबीबाट सफाई हुने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी छ। अतः प्रतिवादी रामकृष्ण तिमिल्सिनालाई सफाई हुने ठहरी भएको त्रुटीपूर्ण फैसला बदर गरी सुरु अभियोग मागदावी बमोजिम कसूर कायम गरी सजाय गरी पाउँ भन्ने समेत ब्यहोराको पुनरावेदक वादी नेपाल सरकारको पनुरावेदन पत्र।

१७) जाहेरवालीले भने जस्तो जाहेरवालीको चरित्र हत्या हुने कुनै कार्य वा कसूर नगरेको, कार्यक्रमको शिर्षकका साथमा विपक्षीको नाम उल्लेख नगरिएको, विपक्षीको फोटो वा भिडियोमा कुनै अश्लिलता नदेखाईएको, केवल जाहेरवालीले बारम्वार उच्च पारिश्रमिकको माग गर्ने गरेको र तर जाहेरवाली मासीक तलबमा रहने गरी करार सम्झौता गरी आफै करारद्वारा अनुवन्दित भई कार्यक्रम प्रस्तुत गर्ने गरी सम्झौता भएकोले त्यसमा असफल भएपछि प्रतिशोध स्वरुप जाहेरवालीले चरित्र हत्याको कुरा उठाई कार्यक्रम रेकर्ड भई टि.भि. टुडेबाट प्रत्यक्ष प्रशारण भैसकेको कार्यक्रमलाई पुनः यु-ट्युवमा अपलोड गर्दा विद्युतिय कारोवार अन्तर्गतको कसूर हुने होईन। सुरु सम्मानित काठमाडौं जिल्ला अदालतबाट समेत टि.भि. टुडेबाट पूर्व प्रशारित कार्यक्रमलाई नै कार्यक्रम भित्रकै शब्दहरु चयन गरी विभिन्न शिर्षक दिई पहिले देखी नै यु-ट्युवमा अपलोड गरेको देखिंदा प्रस्तुत मुद्दामा प्रतिवादीले वादी नेपाल सरकारको अभियोग दावी विद्युतिय कारोवार ऐन, २०६३ को दफा ४७क बमोजिम कसूर गरेको कुरा शंकारहित एवं वस्तुनिष्ठ तवरले पुष्टी हुन नसकेको हुँदा प्रतिवादीले सफाई पाउने

ठहर्छ भन्ने फैसला सदर गरी पाँउ भन्ने समेत ब्यहोराको पुनरावेदक प्रतिवादी फ्लेक्शन क्लारियन मिडिया प्राईभेट लिमिटेडका संचालक अध्यक्ष रामकृष्ण तिमिल्सिनाको लिखित प्रतिवाद।

१८) यसमा पीडित जाहेरवाली भगवती कुमारी मैनालीको अदालत समक्ष भएको बकपत्र तथा प्रतिवादीको अनुसन्धान अधिकारी समक्ष भएको बयान समेतको प्रमाण मूल्यांकनको रोहमा सुरु काठमाडौं जिल्ला अदालतको मिति २०७६/६/३० को फैसला फरक पर्न सक्ने देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेश गर्नुहोला भन्ने यस अदालतबाट मिति २०७६/६/९ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

१९) नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका उच्च सरकारी वकील कार्यालय, पाटनका विद्वान सहायक न्यायाधिवक्ता श्री निर्मल पुन र प्रत्यर्थी प्रतिवादी रामकृष्ण तिमिल्सिनाको तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्धय श्री लक्ष्मण थपलिया र श्री राजु खत्रीले गर्नु भएको वहस समेत सुनियो।

२०) यी प्रतिवादी रामकृष्ण तिमिल्सिना उपर विद्युतीय कारोवार अपराध ऐन, २०६३ को दफा ४७(१)को कसूरमा सोही दफा ४७(१) बमोजिम सजाय गरी निजबाट वरामद भएको सामानहरु ऐ को दफा ५६ बमोजिम जफत गरी पाऊँ र दफा ५८ क तथा दफा ७६ अनुसार निज प्रतिवादीबाट जाहेरवालीलाई उचित क्षतिपूर्ति दिलाइ पाऊँ भन्ने बेहोराको मिति २०७६।०३।०१ को अभियोग पत्र रहेकोमा यी प्रतिवादी रामकृष्ण तिमिल्सिनालाई अभियोग दावीवाट सफाई दिने ठहर्‍याएको शुरु फैसला उपर चित्त नबुझाई वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदन पर्न आएको देखियो।

२१) अब सुरु अदालतबाट भएको फैसला मिलेको छ वा छैन ? पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने हो वा होइन ? भन्ने कुराको निर्णय दिनुपर्ने देखिन आयो।

२२) निर्णय तर्फ विचार गर्दा, यी प्रतिवादी रामकृष्ण तिमिल्सिना संचालक र जाहेरवाला पीडित भनिएकी भगवती कुमारी मैनाली उप्रेती बीच सम्झौता भई टि.भि टुडे नामक यौन विषयको रात्रिकालिन कार्यक्रम संचालन भएको देखिन्छ। उक्त कार्यक्रमलाई आफुले युटुवमा अपलोड सम्म गरेको हुँ। उक्त कार्यक्रम प्रत्यक्ष प्रसारण हुने

कार्यक्रम हो। जाहेरवालीको व्यक्तिगत चरित्र हत्या गर्ने कुनै कार्य आफुले नगरेको भनी मौकामा र अदालतमा समेत वयान गरेको देखिन्छ।

२३) यी प्रतिवादी उपर विधुत्तिय कारोवार ऐन २०६३ को दफा ४७(१) बमोजिमको कसूर गरेको हुँदा सोही ऐनको दफा ४७(१) सजाय वमोजिम सजाय गरी निजबाट वरामद भएको सामान ऐ ऐनको दफा ५६ वमोजिम जफत समेत हुन अभियोग माग दावी रहेकोमा उक्त ऐनको दफा ४७(१) मा" कम्पयुटर इन्टरनेट लगायतका विधुत्तिय संचार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगायका सार्वजनिक नैतिकता शिष्टाचार विरुद्धका सामाग्रि वा कसै प्रति घृणा वा द्धेष फैलाउने वा बिभिन्न जातजाती र सम्प्रदायहरूको बीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामाग्रिहरु प्रकाशन वा प्रदर्शन गर्ने, महिलाहरुलाई जिस्काउने हैरानी गर्ने अपमान गर्ने वा त्यस्तै अन्य किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने कार्य दफा ४७(१) को परिभाषित कसूर भन्ने देखिन्छ।

२४) उक्त कानूनी व्यवस्थाको रोहमा हेर्दा, जाहेरवालाले प्रतिवादीले संचालन गरेको टि.भि टुडे टेलिभिजनका लागि प्रस्तोता भै कार्यक्रम संचालन गर्नको लागि २०७४ भाद्र महिनाबाट अनुवन्धित भै दुबै पक्ष बीच भएको संझौता वमोजिम टि.भि टुडे मार्फत लाईभ प्रसारण गर्ने गरी यौनका कुरा नामको कार्यक्रम संचालन गर्न भनी विभिन्न यौन तथा प्रजनन स्वास्थ्यका विज्ञहरुलाई आमन्त्रण गरी उक्त कार्यक्रम संचालन गरी टि.भि मार्फत उक्त कार्यक्रमको प्रत्यक्ष प्रसारण भै रहेको भन्ने कुरामा विवाद देखिएन।

२५) यसरी जाहेरवाला र प्रतिवादी बीच संझौता वमोजिम T.V मार्फत यौन एवम् प्रजनन सम्बन्धी सामाग्रि प्रसारण भएकोमा उक्त कार्यक्रम नै यी प्रतिवादीले युटुव मार्फत पुन प्रसारण गरेको सम्मको उक्त कार्य कानूनद्धारा प्रतिवन्धित समेत नभएको र पुर्व प्रसारीत उक्त कार्यक्रमलाई युटुवमा प्रसारण गरेकै कारणले जाहेरवालाको इज्जत प्रतिष्ठामा आँच आयो जाहेरवालाको चरित्र हत्या भयो भनी अनुमान गर्न मिलेन। प्रतिवादीमा जाहेरवालाको मान प्रतिष्ठामा आघात पुर्‍याउने त्यस्तो रिसइवी वा वदनियत रहे भएको भन्ने मिसिल प्रमाणबाट समेत देखिदैन।

२६) जाहेरवालाले आफुले नै प्रसारण गरेको कार्यक्रम प्रतिवादीले पुन प्रसारण गरिदिएबाट आफ्नो इज्जत प्रतिष्ठामा आँच आयो भनी दिएको जाहेरी दरखास्त सो अनुसारको

बकपत्र सम्मलाई आधार मानी यी प्रतिवादीलाई कसूरदार ठहर गरी सजाय गर्न मिल्ने अवस्था समेत नदेखिंदा अभियोग दावी बमोजिम सजाँय गरीपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकार तथा यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिईएका आधार कारणसंग सहमत हुन सकिएन।

२७) अतः माथि विवेचित आधार, कारण समेतबाट प्रतिवादी रामकृष्ण तिमिल्सिनाले विधुतिय कारोवार ऐन २०६३ को दफा ४७(१) को अभियोग माग दावीको कसूरबाट सफाइ पाउने ठहऱ्याएको शुरु काठमाण्डौ जिल्ला अदालतबाट मिति २०७६।६।३० मा भएको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन। अरुमा तपसिल बमोजिम गर्नू।

**<u>तपसिल खण्ड</u>**

- प्रस्तुत फैसलाको सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तूर लिई नक्कल दिनू ....१
- प्रस्तुत फैसलाको प्रतिलिपिसहित जानकारी उच्च सरकारी वकील कार्यालय, पाटनलाई दिनू ....................................................................................२
- प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी पिठमा जनाउँनू ............................३
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु मिसिल सुरु जिल्ला अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा वुझाई दिनू .................................४

(दिपेन्द्र बहादुर बम)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(शेखर चन्द्र अर्याल)
न्यायाधीश

<u>फैसला तयार गर्न सहयोग पुऱ्याउने</u>
इजलास अधिकृतः प्रमोदकुमार पोखरेल
कम्प्युटर टाइप गर्नेः बसन्त दर्शनधारी
ईति सम्वत् २०७७ साल माघ २३ रोज .६ शुभम् ....................................।
प्रमाणीकरण मितिः अदालतको छाप